नेपाल खीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 19 No 12 Monthly International Edition of Herald of His Coming December 2018

वर्ष १९, अङ्क १२ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (पुस, २०७५)

पुनः उद्धारको नम्र सुरुवात

Humble Origins of Revival

By Sarah Foulkes Moore

Vol. 77 No. 4 (916)

A.T. Pierson लेख्नुहुन्छ, "पेन्तिकोसको समयपछि सामूहिक प्रार्थनाको ठूलो जागृति फेरि कुनै पनि ठाउँमा भएको छैन । दुई, तीन ठाउँमा केही भए पनि बाहिर खुलमखुल्ला रूपमा बृहत्भ एको छैन । तर भित्रीरूपमा भने निरन्तर गतिमा जागृति कार्यहरू भइरहेको छन् । कुनै पनि खुल्ला विशेष ठाउँमा भन्दा एउटा निश्चित स्थानमा मात्र केन्द्रित भएर प्रार्थना अन्तरबिन्तीहरू भइरहेका छन् । खुल्ला रूपमा परमेश्वरको वचन प्रचारिएर परमेश्वरलाई महिमा भने थोरै मात्र भएको छ ।

जागृतिको लागि सानो दिनबाट मात्र सुरुवात भयो भनेर यसलाई तुच्छ ठानेको होइन तर मण्डलीको इतिहासलाई हेर्ने हो भने ठूलो जागृति /पुनरुद्धारको सुरुवात परमेश्वरको वचनअनुसार नम्रसाथ सुरुवात हुँदै आएको छ । जागृतिको अध्ययन र प्रगतिलाई हेर्दा यो प्रस्ट हुन्छ कि पहिलो जागृतिको निकै प्यारो, उत्साहित र धेरै महत्वपूर्ण र गहिरो अर्थ दिने खालको भएको थियो । ती कुराहरूले गर्दा तिनीहरूले आत्मामा फल फलाए र प्रार्थना गर्न उत्साह हामीलाई दिएको छ । जसको कारणले गर्दा मण्डलीमा पापबाट फर्की पवित्र जीवनमा परिवर्तन भई जागृति आएको छ ।

मण्डलीको इतिहासमा पहिलो प्रार्थना सङ्गति १० दिनबाट सुरुवात भएको थियो । यो चाहिँ येरुसलेमको माथिल्लो ठाउँमा भएको थियो तर त्यो चाहिँ थोरै ठूलो मानिसहरूको जमातमा भएको थियो र हृदयको आवाजद्वारा निरन्तर सन्तुष्टिको प्रार्थना गर्दथे ।

हरेक स्वर्गबाट आएको साँचो जागृतिले परमेश्वरमा प्रार्थना गर्दा नम्र भएर खडा भएको छन् । आत्मामा उथलपुथल पार्ने ठूलो आत्मिक जागृतिचाहिँ रगतको आँसु र चर्को रोदन हो मात्र प्राप्त हुन्छ । तब ती आँसुले फेरि नयाँ लुथर, हर्ज र अन्य त्यस्ता व्यक्तिहरूलाई फेरि जन्माउँछ । फ्रान्समा भएको क्रान्तिले ठूलो आत्मिक जागृतिको प्रभावशाली कार्य भएको थियो । परमेश्वरको आत्माले वीरहरूको प्रार्थनामा उत्तर दिनुहुन्छ चाहिँ Pioneering, Methodists, Under wisely, whitfield, Bramwell and their associates.

Jhon, Knox स्कटल्यान्डमा भएको आत्मिक आवश्यकताको लागि रोए र पीडित भई प्रार्थना गरेर भने "मलाई स्कटल्यान्ड दिनुहोस् नत्र म मर्नेछु ।"

D.L. Moody, अमेरिकाको सहरहरूमा अनैतिकताको लागि प्रार्थना "ओ परमेश्वर अमेरिकाको सहरहरूलाई फेरि एक चोटि चलाउनुहोस् ।" अहिलेको खीष्टियनहरूमा विशेष गरी ठूलो जागृति, प्रार्थना र दर्शनको र विश्वासयोग्यताको आवश्यकता छ ।

जागृतिको दिनहरू अझै सकेका छैन

यदि हामी नम्र भई आफ्नो घुँडामा गयौं भने पवित्र आत्मा हामीमा प्रशस्त रूपमा खन्याउनुहुन्छ । "कति धेरै", प्रतिज्ञालाई पढ्नुहोस् "तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढी गरेर पवित्र आत्मा दिनुहुन्छ ।" (लूका ११ : १३) ।

१९औं शताब्दीको सुरुवाततिर आयरल्यान्ड (Ireland) सहरमा ठूलो

जागृति सम्मेलन भएको थियो । दुई वर्ष अगाडि त्यहाँ दुई विद्यार्थीहरू विद्यालयको नजिकै मुक्ति र जागृतिको लागि भएको कुस्तीमा मृत्यु भएको थियो । उनीहरूको प्रार्थनाको जागृति आयो र सहरमा फेरि पहिलेको जस्तै मानिसहरू जागृत भए । मण्डलीमा धेरै मानिसहरूको संख्यामा वृद्धि भयो । र, मण्डली भवनहरूमा मानिस अटेनन्, हरेक सेवामा हजारौँ मानिसले पाप स्वीकार गरी विश्वास गर्थे । अपराध नभएकोले अदालत र जेलहरू बन्द हुन थाल्यो ।

के फेरि पनि विगतको जस्तै जागृति अहिलेको समयमा पनि सफल हुन सक्ला त ? परमेश्वरको वचन अध्ययनले बताउँछ कि परमेश्वरमा विश्वास गर्ने कुनै पनि मानिस वा समूहलाई उहाँले पेन्तीकोसमा भएको जस्तो जागृति फेरि दिनुहुनेछ र यो मण्डली इतिहासले बताएको कुरा हो ।

१९०९ मा सम्पूर्ण वेल्स अधर्मतिर लागेको थियो । अपराध व्याप्त भएको थियो । १९०४ मा वेल्स आगोले भस्म भयो । केही वर्षपछि रोबर्ट आफैले पुनरुद्धारको / जागृतिको लागि प्रार्थना गरे तब फेरि पूर्ण जागृति आयो र वेल्स फेरि ब्लेज जस्तै भएर आयो । यो घटनाबाट थाहा हुन्छ कि मण्डली वृद्धि हुनको लागि सबै मण्डलीले नै एकैचोटि एकैसाथ घुँडामा आएपछि मात्र हुन्छ भन्ने हुँदैन तर केही धार्मिक महिला वा पुरुषको धार्मिकतामा नै परमेश्वरले आफ्नो काम प्रकट गर्नुहुन्छ । र, प्रार्थना सुन्नुहुन्छ र उत्तर दिनुहुन्छ । र, जुन आत्मा उहाँमा आज्ञाकारी हुन्छ र रोदनको साथमा उहाँमा प्रार्थना गर्छ त्यस ठाउँमा नै परमेश्वरको जागृति ल्याउनुहुन्छ ।

वेल्समा ठूलो जागृति पहिला पनि ठूलो मण्डली कार्यक्रम गरेको थियो । त्यसरी नै अमेरिकाको खीष्टियनहरू एकचोटि फेरि आफ्नो घुँडामा गए भने त्यसरी नै जागृति हुन सक्छ त ?

सांसारिकता, अभक्तितता, भ्रष्टाचार र पापसँगको सम्झौताजस्ता कुराहरू अहिलेको मण्डलीमा भइरहेको छ । यस्ता कुराहरूले गर्दा मण्डलीमा जागृतिको आवश्यकता छ । त्यस्ता कुराहरूलाई नियन्त्रण गर्नुको लागि जागृति कार्य हुनुपर्दछ । त्यसैले आउनुहोस् महिला तथा पुरुषहरू परमेश्वरमा अन्तरबिन्ती प्रार्थना गरौँ र आफ्नो राष्ट्रलाई परमेश्वरलाई क्रोध पर्नबाट बचाऔँ र उहाँको शक्ति र उद्धारको निम्ति प्रार्थना गरौँ ।

समस्त जीवन परमेश्वरमा जीउन

यो संसार एक आकर्षित खालको, अभक्त मानिसहरूको भीड छ, यदि हाम्रो यो खराब रीतिरिवाजबा जोगिएको छैन भने बाइबलले हामीलाई यसबाट टाढा रहन यस्तो आज्ञा दिइएको छ ।

सबै परमेश्वरको महिमाको निम्ति

"यसकारण चाहे तिमीहरू खाओ, अथवा पिओ वा तिमीहरू जेसुकै गर, सबै परमेश्वरका महिमाको निम्ति गर । (१ कोर. १० : ३१) जब पहिले यो कार्यहरू वा क्रियाकलापहरूमा संलग्न हुँदा के हाम्रो जीवन यो प्रश्न भएको छ कि मेरो कार्यहरूबाट के साँच्चै परमेश्वरको मोहमा भइरहेको छ ? के हामीलाई परमेश्वरलाई सोधेको तपाईंले हामीलाई आशिष दिनुभएको छ ? के यी क्रियाकलापबाट येशूलाई उचालेको छ ?

संसारलाई प्रेम नगर्नु

"संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर । यदि प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन । (१ यूहन्ना २ : १५) आफैलाई यो प्रश्न गर्नु के साँच्चै यो संसारलाई मैले प्रेम गरेको छु ? संसारको थोकबाट आफैलाई नियन्त्रण गरेको छ ? के मैले यस संसारको थोकबाट आफैलाई नियन्त्रण गरेको छ ? के मैले यस संसारमा अशक्त जीवन जीइरहेछु ?

येशूले हामीलाई भन्नुभएको छ, तिमीहरू संसारमा छौ तर तिमीहरू संसारको होइनौ । हामी संसारलाई प्रेम गर्न सक्दैनौ तर येशूलाई प्रेम गर्न सक्छौ ।

येशूले जे गर्नुभयो त्यही गर

"किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ । खीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ ।"(१ पत्रुस २ : २१)

येशू खीष्ट हाम्रो ठूलो उदाहरण हुनुहुन्छ । हामी येशूको पछि हिँड्दछौँ किनकि हामीलाई येशूले धेरै माया गर्नुहुन्छ । हामीले आफैलाई प्रश्न गर्नुपर्छ के मैले येशूलाई सञ्चो गरी पछ्याएको छु त ? के हामी उहाँसित हिँड्न मञ्जुर छौ त ? बाइबलले हामीलाई यही कुरा सिकाउँदछ येशू महान् उदाहरण हुनुहुन्छ उहाँ मात्र पवित्र हुनुहुन्छ हामीले उहाँको पाइला पछ्याउनुर्प ।

शर्माउनु नपर्ने

"साना बालकहरू, उहाँम रहिरहो, ताकि उहाँ प्रकट हुनुहुँदा हामीमा हिम्मत होस् र उहाँको आगमनमा उहाँको सामुन्ने हामीलाई शर्माउन नपरोस् ।" (१ यूहन्ना २ : २८)

के हामी येशूको वचनमा मनन छौँ त ? येशू आफ्नो बादलको सवारीमा

नियमित बाइबल पढ्ने बानी बसालौँ

आउनुहुँदा हामीलाई शर्माउन नपरोस् । खराब काम कसैले नगरोस् र हामीले अरुलाई पनि भनौं येशू चाँडै आउँदै हुनुहुन्छ ।

पवित्र आत्मालाई दुःखित नपार्नु

"... के तिमीहरूलाई थाहा छैन, तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो ...।" (१ कोरि. ६ : १९) हामी पवित्र आत्माको मन्दिर हौं । परमेश्वरले हामीसँग प्रत्यक्ष सम्पर्क राख्नुहुन्छ । यदि हामीले खराब कामहरू गर्दछौं भने शैतानको मन्दिरमा हुन्छौं र पवित्र आत्मा दुःखित हुन्छ र उहाँ हामीमा बास गर्नुहुन्न र हाम्रो जीवनमा उहाँले अचम्मको कामहरू गर्नुहुन्छ । हामीले हाम्रो जीवनमा एउटा प्रश्न सोध्नु जरुरी छ कि मेरो जीवनबाट परमेश्वरलाई महिमा दिने काम भइरहेको छ ? के मैले पवित्र आत्मालाई कतै मेरो कामबाट दुःखित भएको त छैन ? के मेरो जीवनबाट परमेश्वरलाई महिमा हुने काम भइरहेको छ ? मेरो र परमेश्वर बीचको सम्बन्ध कस्तो छ ? मैले मेरो जीवनमा शैतानलाई वास दिएको छ कि परमेश्वरलाई ? यो प्रश्न हामीले आफैले आफैंलाई गर्नु जरुरी छ ।

परमेश्वरको खोजी गर्नु

"अनि हामी जे भोग्छौं, सो उहाँबाट पाउँछौं, किनभने हामी उहाँका आज्ञा पालन गर्छौं । (१ यूहन्ना ३ : २२) हामी उहाँलाई पछ्याउँछौं भने के उहाँले काम गर्नुहुन्छ र ? के तपाईं र म विश्वासयोग्य नोकर भएका छौं ? हामी परमेश्वरलाई माया गर्छौं र हामीलाई जे चाहेका छौं सो हामी माग्छौं । जब हामी उहाँलाई माग्छौं र पाउँछौं भनी विश्वास पनि गर्छौं र हामी उहाँलाई मनपर्ने कामहरू पनि गर्छौं । जब हामी उहाँमा माग्छौं उहाँ प्रशस्त गरी दिनुहुन्छ ।

एक उदाहरण बन्नु

"यसैकारण हामी एउटाले अर्कालाई अब उसको इन्साफ नगरौं । बरु आफ्नो भाइको बाटोमा ठेस लाग्ने कुरो अथवा बाधा पर्ने कुरा कहिल्यै नराख्ने अठोट गरौं ।" (रोमी १४ : १३)

हामी आफ्नो खातिर मात्र होशियार नहोऊँ तर अरुको लागि पनि एक असल उदाहरण बन हाम्रो उदाहरण अरुको सामु राम्रो होस । हाम्रा चालचलन, आनिबानी अरुको लागि एक उदाहरण बन । के हाम्रो आचरणले अरुलाई ठेस पुऱ्याएको त छैन ? हाम्रो जीवनबाट अरुको जीवनमा कस्तो प्रभाव पारिरहेको छ सोको विचार गरौं । हाम्रो आचरण, चालचलन, स्वभावबाट अरुलाई एक उदाहरण दिनु । हाम्रो जीवनबाट मुक्ति नपाएको साथीहरूलाई उदाहरण दिनुपर्दछ । हामीले यी प्रश्नहरू सधैं मनमा राखिरहनुपर्छ र कुनै कुराको निर्णय गर्नु अगाडि अरुको लागि एक उदाहरणको जीवन जीउने कोशिस गर्नुपर्छ । Arranged from K.A. Smith

परमेश्वरले जागृतिको लागि तयार गर्नुहुन्छ

(God Prepares for Revival)

Vol. 77 No. 7 (916)

(यो पाठ पहिलो शमूएल एक अध्यायबाट लिएको हो)

आत्मिक रूपमा मृत्यु भएको खीष्टियनहरूले विकृतिलाई पनि आदरणी ठान्दछन् । जब धार्मिकताको मृत्यु हुन्छ तब दुर्गन्ध फैलिन्छ । तर जब खीष्टियनहरू जिउँदछन् संसारका मानिसहरू पनि खीष्टियनहरू जस्तै हुन चाहन्न् । हरेक समयहरूमा उहाँ मानिसहरूबाट भएर जाँदा उहाँका मानिसहरूले मृत्युलाई देखेर जीवन ल्याउँछ । यसलाई जागृति भनिन्छ । पूरानो करारको समयमा धेरै अवसरहरूमा यस्तो भएको पाइन्छ । यो शमूएलको जीवनमा पनि भएको छ ।

यो अध्यायमा चार जना पात्रहरू छन् । उनीहरूको नाम चाहिँ एल्काना, हन्नाह, पनिन्नाह र सोल पुजाहारी अनि एल्कानाको दुई जना पत्नीहरू छन् जसलाई उसले असाध्यै माया गर्थे । एकजना पत्नी फलदायी र अर्की चाहिँ बाँझो थिइन् । हन्नाहको कुनै पनि सन्तान नभएको कारण ऊ चाहिँ शिलोमा परमप्रभुको मन्दिरको ढोकाको छेउमा बसेर हरेक वर्ष मनमा ठूलो पीरसहित परमप्रभुलाई प्रार्थना चढाउँथे ।

फलदायी नभएको जीवन

"तर हन्नाहलाई दोब्बर भाग दिन्थे, किनभने एल्कानाले तिनलाई प्रेम गरे, र परमप्रभुले तिनको गर्भ रोक्नुभएको थियो । " उसलाई उसको श्रीमानले असाध्यै माया गर्थे तर परमेश्वरले उसको गर्भ बन्द गरिदिनुभएको थियो । यहुदी संस्कृतिमा कुनै पनि महिला बाँझो हुनु भनेको ठूलो अभिशाप थियो । तिनका छोराछोरी नभएका हुनाले हन्नाहको सौताले तिनलाई दुःख दिने र खसालेर कुरा गर्थे गर्थिन् ।

दुःखी हृदय

"तिनका लोग्ने एल्कानाले तिनलाई भन्थे, हन्नाह तिमी किन रोइरहेकीछ्यौ र केही पनि खाँदिनौ ? तिमी किन यति दुःखित छ्यौ । के म तिम्रो निम्ति दसजना छोराहरूभन्दा पनि बढ्ता छैन र ? एकपल्ट शोलोमा तिनीहरूले खानपान गरिसकेपछि हन्नाह उठिन् । त्यसबेला पुजाहारी एली परमप्रभुको मन्दिरको ढोकाको छेउमा आफ्नो आसनमा बसिरहेका थिए । हन्नाहले मनमा ठूलो पीरसहित रोएर परमप्रभुसित प्रार्थना चढाइन् ।" (पद ८ - १०)

एल्कानाले आफ्नी श्रीमती हन्नालाई सम्झाउँदै थिए । "के म तिम्रो निम्ति दसजना छोराहरूभन्दा पनि बढ्दा छैन र

?" उसले जवाफ दिएन किनभने उसको जीवन फलदायी जीवन थिएन तर तिनले परमप्रभु परमेश्वरको मन्दिरमा गएर प्रार्थन ागर्न हतार गरिन् ।

जब हामी हाम्रो जीवन फलदायी नभएको जीवन हुन्छ हाम्रो जीवनमा ठूलो समस्याहरू आउँछन् अनि येशूले आशिष दिनुभएन र गनगन मात्र गर्छौं र आफैलाई धिक्काछौं त्यसो होइन तर प्रार्थना गर्न हतार हुनुपर्छ । किनभने हामीहरू ख्रीष्टकोको दुलहीहरू हौ । साँचो हृदयबाट गरेको प्रार्थनाले स्वर्गको आशिषका ढोकाहरू खोल्दछ ।

जबसम्म हामी हाम्रो हृदयको दुःखको बाँझोपनलाई हटाउन परमेश्वरको छेउमा अल्झिएर हतार हतार जाँदैनौं तबसम्म परमेश्वरले हाम्रो जीवनलाई एक महिमाबाट अर्को महिमामा कसरी लानुहुन्छ भन्ने कुरा थाहा पाउँदैन यसकारण हृदयको बाँझोपनलाई हटाउन परमेश्वरको छेउमा जानु आवश्यक छ । परमेश्वरले हामीलाई दुःखी हृदय पनि दिनुहुन्छ र परमेश्वरलाई खोज्ने तिर्सनाको हृदय पनि दिनुहुन्छ ।

निःस्वार्थ प्रतिज्ञा

"हन्नाले यो कुरा भनेर भाकल गरिन्, "हे सर्वशक्तिमानु परमप्रभु, यदि तपाईंले मेरो दुःख बुझेर ममाथि कृपादृष्टि गर्नुभयो र मलाई सम्झनुभयो । अनि यदि तपाईंले मलाई भन्नुभएन, र एउटा बालक दिनुभयो भने, म त्यस बालकलाई त्यसको जीवनपर्यन्त परमप्रभुमा समर्पण गर्नेछु, र त्यसको कपालमा कहिल्यै छुरा लाग्ने छैन ।" (V. 11) यहाँ हन्नाहले परमेश्वरलाई बलक मागेको छ । यो एकदम असल कुरा हो यदि बल दिनुभयो भने म पूर्णरूपमा परमेश्वरलाई समर्पण गर्नेछु भनी भनेकी छिन् यहाँ पूरानो करारको वास्तविक प्रतिबद्धता देखाएको छ । उसले आफ्नो जीवनको बहुमूल्य चिज परमेश्वरलाई दिने प्रतिबद्धता गरेकी छिन् । उसले आफ्नो जीवनको युवा अवस्थालाई समर्पण गरेकी छिन् । धेरै पाठकवर्गहरू धेरै उमेरको भइसकेका छन् के हामीले हाम्रो जीवनको युवा अवस्थालाई समर्पण गरेको छ त ? जब येशू ख्रीष्ट बादलको सवारीमा आउनुहुन्छ हरेक मण्डलीमा जागृति आउनेछ र उहाँको राज्यको अन्त कहिल्यै पनि हुनेछैन ।

जागृतिको प्रार्थना

"तिनले धेरैबेरसम्म परमप्रभुको सामु प्रार्थना गरिन् । एलीले तिनका ओठ चलेका देखे । हन्नाह मनमनै प्रार्थना गरिरहेको थिइन् अनि तिनका ओठ चले तापनि स्वरचाहिँ सुनिँदैनथ्यो । एलीले तिनी मातेकी स्त्री हो भनी ठाने अनि उनले तिनलाई भने, तिमी कहिलेसम्म यस नशामा रहन्छ्यौ ? मद्य त्यागिदेऊ ।" तिनले जवाफ दिइन् यस्तो होइन मेरो प्रभु म ठूलो पीरमा परेकी स्त्री हुँ । मैले कुनै मद्य दिएकी छैन । म त परमप्रभुको सामु मेरो मनको दुःख पोखिरहेछु ।" (V. 12 - 15)

यहाँ साँचो जागृतिको प्रार्थना गरेकी छे "म त परमप्रभुको सामु मेरो मनको दुःख पोखिरहेकी छु ।" हजारौं मानिसहरू येशूख्रीष्ट विना जीवन गुमाइरहेको छ कति समयसम्म । मानिसहरू येशू विना मर्ने ? एउटा आश्चर्य कुरा के छ भने आज धेरै चर्चमा मानिसहरू बाँझो हृदय भएका छन् । यहाँ प्रार्थनाको जरुरी र याकूबले यसरी भन्छ "धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ ।" (याकूब : १६)

पक्का विश्वास

"हन्नाले भनिन् "म तपाईंको दयाको योग्य हुन सकुँ ।" त्यसपछि तिनी गइन् र केही खानेकुरा खाइन् अनि तिनी फेरि उदास भइनन् ।" उसको विश्वास अब पक्का गरी आनन्दले घर फर्किन् । अब उसको हृदयमा एक किसिमको जागृति आएको छ यो जागृति मानिसले दिएको होइन दस पदमा उनले गरेको प्रार्थना परमेश्वरले सुन्नुभएको छ । अब ऊ पहिलाको जस्तो निराश र दुःखको जीवन होइन आशाविहीन जीवन होइन अब हन्नाह आनन्दको गीत गाउने स्त्री भएकी छन् किनकि उसको हृदयमा एक किसिमको जागृति भएको छ । त्यो राष्ट्रमा हन्नाह जागृति ल्याउनु राजदूत महिला भइन् ।

अनियन्त्रित आराधना

"भोलिपल्ट तिनीहरू बिहानै उठे, र परमप्रभुलाई दण्डवत् गरेर आफ्नो घर रामामा फर्के । आफ्नो पत्नी हन्नाहोसँग एल्कानको सहवास भयो र परमप्रभुले हन्नाहलाई सम्झाउनुभयो ।" (V. 19) उनी बिहानै उठेर परमप्रभुलाई आराधना गरे र परमप्रभुले तिनलाई सम्झाउनुभयो । परमप्रभुले उनको अनुरोधलाई प्रदान गर्नुभयो । आराधना र फलवन्तको त्यतिनै घनिष्ठ सम्बन्ध छ । आराधनाले परमेश्वरसँग घनिष्ठ सम्बन्ध निर्माण गर्छ र सधैं फलवन्त जीवन बिताउन सहयोग गर्छ । हामी उहाँको नजिक जान चाहन्छौं भने उहाँ पनि हाम्रो नजिक आउनुहुन्छ । फलस्वरूप हामी हरायौं भने पनि उहाँले खोज्नुहुन्छ । कस्तो अचम्मको अनुग्रह छ हाम्रो प्रभुमा परमेश्वरसाग योभन्दा अझ बढी सम्बन्ध सुरु गर्नु छ हाम्रो हृदयमा ।

असीमित आशिष

"हन्नाह गर्भवती भइन् र बेला पुगेपछि तिनले एकजना छोरो जन्माइन् ।

तिनले त्यसको नाउँ शामूएल राखिन् किनभने "मैले त्यसलाई परमप्रभुसँग मागेकी हुँ" भनी तिनी भन्थिन् । (V. 20)

शामूएलको जन्म भयो हन्नाको त्यो पहिलो सन्तान थियो । यो महिलाले विश्वाससाथ प्रार्थना गरेकी कारणले परमेश्वरले तिनलाई आशिष दिनुभयो ।

विना शर्त समर्पण

"जब तिनले दुध छोठाइन् तब तिनले त्यसलाई आफूसित लगिन् तिनले आफ्नो साथमा एउटा तीन वर्षे साँढे, पाँच पाथी पीठो र एक मसक दाखमद्य लिएर त्यो बालक सानै भए तापनि त्यसलाई शीलोमा परमप्रभुको भवनमा ल्याइन् । उनीहरूले त्यस साँढेलाई मारेर त्यस ठिटालाई एलीकहाँ ल्याए । हन्नाहले उनलाई भनिन् "हजुर तपाईंको जीवनको सपथ खाएर म भन्दछु कि म त्यही स्त्री है जो परमप्रभुसँग प्रार्थना गर्दो तपाईंको छेउमा उभिएकी थिई । यही बालको निम्ति मैले प्रार्थना गरेकी थिई । अनि मैले मागेको बालक परमप्रभुले मलाई दिनुभयो अब यसलाई परमप्रभु कहाँ नै म अर्पण गर्दछु । त्यसको जीवनभरि नै त्यो परमप्रभुमा अर्पण गरिएको हुनेछ" अनि तिनीहरूले त्यहाँ परमप्रभुको आराधना गरे ।" (V. 24 - 28) परमप्रभु परमेश्वरले हन्नाको दुःखित भएको हृदय र उनको भाकल पूरा गरिदिनुभयो । उनले आफ्नो जीवनको पहिलो सन्तानलाई परमप्रभुकहाँ ल्याएर समर्पण गरिन् र परमप्रभुको उनको छोरालाई स्वीकार गर्नुभयो । एकदिन त्यो छोराको जीवनमा अचम्मको जागृति हुनेछ । पहिला जागृति हन्नाहको विश्वासयोग्य जीवनबाट सुरु भयो । के हन्नाले आफ्नो छोरो समर्पण गर्दा दुःखित भइन् ? निश्चित रूपमा उनी दुःखित भएकी छैन । हामी दुई अध्यायनमा हेर्छौं भने उनले परमप्रभुलाई धन्यवाद प्रदान गरेकी छे । उनले नयाँ आत्मबल नयाँ शक्ति र नयाँ गर्भ परमप्रभुबाट पाइन् । परमप्रभुको धार्मिकताको पोशाकलाई पक्रनु, उहाँको धार्मिकताको पोशाकले मात्र विश्वमा जागृति ल्याउँछ । समर्पणले सधैं आनन्दलाई बोकेर ल्याउँछ र परमेश्वरले हामीलाई खुसी दिनुहुन्छ र भविष्यमा उहाँको महिमाको निम्ति उहाँले प्रयोग गर्नुहुन्छ ।

D Colin Jones from, Austrilia

अन्तिम दिनहरूमा पश्चाताप र जागृति

Repentance and Revival in the last day

By Rich Carmicheal

Vol 77 No. 7 (916)

समयको सन्दर्भमा र उहाँको आगमन हुने चिन्हरूले र समयको अन्त्यसँगै येशूले पहिला नै चेतावनी दिनभइसकेको छ कि त्यहाँ त्यस दिनहरूमा छलकपट हुनेछ । जतातै युद्धको हल्ला सुनिनेछ, राज्यको विरुद्धमा राज्य हुनेछ । सतावट र अराजकता, मानिसको बीचमा प्रेम सेलाउँदै जाने (मत्ती २४ : ३ - १२) उहाँले यी पदहरूमा एउटा दृष्टान्तको माध्यमबाट अन्त्यको दिनको प्रश्रव वेदनामा सुरुवातको बारेमा अन्त्यको दिनको चिन्हहरूबारे बताउँदै हुनुहुन्छ । तर अन्त्यचाहिँ अझै बृहत् हुन्छ ।

हामीलाई उहाँले यसरी बताउनुहुन्छ, "जब यी कुराहरू हुन थाल्छन् तब खडा होओ र आफ्नो सिर माथि उठाओ, किनभने तिनीहरूको उद्धार नजिकै आइरहेको छ ।" (लूका २१ : २८)

हामी येशूको शिक्षालाई ध्यान दिन्छौं भने हाम्रो वरिपरिको चिन्हरूले सङ्केत गर्दछ, "सबै कुराको अन्त्य नजिकै आएको छ ।" (१ पत्रुस ४ : ७) हामी त्यस्तो ठाउँमा बाँचिरहेका छौं, जहाँ नैतिक गिरावट र राष्ट्र राष्ट्र बीच द्वन्द्व छ, प्राकृतिक प्रकोपहरू भइरहेछ । आर्थिक मन्दी र एकअर्काबीच डर र अनिश्चितता बढ्दो छ । हाम्रो यो दुनियाको अवस्था एकदम डरलाग्दो र समस्याग्रस्त छ । राष्ट्र-राष्ट्रबीच दबाब दिइरहेको छ । त्यसैले परमेश्वरको मानिसहरू चाहिँ होसियार हुने समय आएको छ ।

दुर्भाग्यवश, केही खिष्टियनहरू येशू आउनुभन्दा पहिला नै संसारमा केही महत्वपूर्ण कार्य गर्न मुक्ति र जागृतिमा कुनै ठूलो आशा छैन, कुनै निश्चय छैन भन्दछन् । कुनै अवस्थामा तिनीहरू अन्त्यको समयमा हुने व्ययभन्दा दुष्ट दिनमा हुने कुरालाई याद गर्दछन् (एफिसी ५ : १६)

के यो सतर्क हुने आवाज हो त ? के त्यो नै हो, समयको पापको कपडा फ्याँक्ने र येशूको आगमनके प्रतीक्षा गर्ने ? के हामी नैतिकतालाई तोड्दै आफैलाई आत्मीयता बढाउने हो कि ? कि अथवा यस्तो कुरबाट मण्डली निस्कनका लागि कुनै उपाय नै छैन ? के हराएका आत्मा फेरि मुक्तिको लागि फेरि येशूमा फर्किन

सक्छन् ? के फेरि मनिसहरूलाई येशूको प्रेमले फेरि पश्चातापतिर फर्काउँछ ? के अझै यस्तो प्राकृतिक प्रकोपको लागि पुनरुद्धारको अशा छ त ?

न्यायको लागि जागृति

योनाको कथाले केही प्रश्नहरूलाई उज्यालो दिन्छ । नीनेवेका मानिसको कथाले केही हाम्रो लागि पनि आशा छ । त्यहाँका मानिसको कमजोरीमा (पापमा) परमेश्वरले योनालाई निनाब्बेमा प्रचार गर्न पठाउनुभयो, "अबको चालीस दिनमा निनाब्बे नष्ट हुनेछ ।" (३ : ५ - ९) "... तब उहाँलाई दया आयौ र तिनीहरूलाई सर्वनाश गर्छु भनी गर्नुभएको धम्कीअनुसार उहाँ गर्नुभएन" (३ : १०)

कमजोर (पापी) लाई निन्दा गर्न र नष्ट गर्नुचाहिँ परमेश्वरको इच्छा होइन । तर तिनीहरूलाई पश्चाताप र मुक्तिमा डोऱ्याउनु उहाँको इच्छा हो । वास्तवमा निनवेका मानिसहरू दण्डको योग्य भागिदार थिए र पर्न लागेका पनि थिए । तर परमेश्वरको परमेश्वर नष्ट गर्न चाहनुहुन्छ । योनालाई प्रचारद्वारा मानिसहरू उहाँतिर फर्कने मौका दिन र पिनासबाट बचाउनुचाहिँ उहाँको उद्देश्य थियो ।

र, उहाँको महान् दयाको कारणले गर्दा सबैजनाले पश्चाताप गरुन् भन्ने उहाँको इच्छा थियो ताकि नाश होस् ।

परमेश्वर आफूले बनाउनुभएको हरेक कुरालाई विशेष ख्याल राख्नुहुन्छ । विशेष गरी मानिस जसलाई उहाँले आफ्नो स्वरूप र प्रतिरूपमा बनाउनुभयो (उत्पत्ति १ : २६) त्यसैले उहाँको महान् दयाको कारणले गर्दा सबैजनाले पश्चाताप गरुन् भन्ने हेतुले उहाँ उद्धारकर्ता हुनुहुन्छ "... सबै मानिसले मुक्ति पाउन र तिनीहरू सत्यको ज्ञानमा आउन भन्ने इच्छा उहाँ गर्नुहुन्छ ।" (१ तिमोथी २ : ४) कमजोर अथवा पापीको विनाशमा उहाँ खुसी हुनुहुन्छ तर पापीलाई पश्चाताप गरेर जीवनमा फर्किएको चाहनुहुन्छ । उहाँ दयाको धनी हुनुहुन्छ । उहाँ नम्र र धैर्यवान् हुनुहुन्छ । र, उहँको दयाले पापीलाई पश्चाताप डोऱ्याउँछ (रोमी २ : ४) पश्चातापले स्वर्गमा ठूलो आनन्द ल्याउँछ (लूका १५ : ७, १०) र प्रेरित पत्रुसले भन्नुहुन्छ येशू चाँडै आउनुहुन्छट उहाँ ढिलाइ गर्नुहुन्छ, "तर प्रिय हो, यो कुरा नभुल, कि प्रभुको निम्ति एक दिन हजारौँ वर्ष र हजार वर्ष एक दिन झैँ हुन्छ । आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिला गर्नुहुन्छ भन्ने कसै कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्छ, तर कोही पनि नष्ट नहोस्, तर सबैजना पश्चाताप गरुन् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ ।" (२ पत्रुस ३ : ८, ९)

यो समय सेवकाइ गर्ने समय हो

त्यस्तै हाम्रो वरिपरि हेरी चिन्हहरूलाई विचार गर्दा हामीसँग अथवा हामीलाई कति समय छ होला त ? यो भन्दा अझै अरु कुनै छ हामीसँग अथवा हामीलाई कति समय चाहिन्छ ? निनवेलाई दण्डको लागि ४० दिनमात्र समय दिइएको थियो । तर त्यो चाहिँ पश्चातापको लागि पर्याप्त समय हो, त्यो सहरमा हजारौँ मानिसहरू बसोबास गर्दथे र सबैले परमेश्वरको वचन उहाँको मानिसद्वारा सुनेर विश्वासयोग्य तरिकाले ग्रहण गरे ।

अन्तिम समयम निनवेका योनाद्वारा परमेश्वरको शक्तिको काम गर्नुभयो त्यस्तै यी अन्तिम समयमा हाम्रो जीवनलाई पनि अचम्मको काम गर्न चाहनुहुन्छ । पत्रुसले भनेको कुरालाई विचार गरी हेर्ने हो भने "सबै कुराको अन्त्य नजिकै आएको छ । यसकारण आफ्ना प्रार्थनाको निम्ति शुद्ध मनको र सचेत भइरहो । सबैभन्दा बढी एक अर्काप्रति तिमीहरूको प्रेम अटल रहोस् । किनकि प्रेमले नै असंख्य पापहरू ढाक्तछ । विना गनगन एउटाले अर्काको सत्कार गर । जसले जस्तो वरदान पाएको छ, परमेश्वरको अनुग्रहका विभन्नि वरदान पाएका भण्डारेझैँ ती एक अर्काको निम्ति प्रयोग गर यदि कसैले बोल्दछ भने, परमेश्वरको वचन बोलेजस्तै त्यसले बोलोस् । यदि कसैले सेवा गर्छ भने परमेश्वरले दिनुभएको शक्तिद्वारा त्यसले त्यो गरोस्, यस हेतुले कि सबै कुरामा येशू ख्रिष्टद्वारा परमेश्वरलाई नै प्रशंसा होस् । उहाँलाई नै महिमा र पराक्रम सदासर्वदा होस् आमेन् ।" (१ पत्रुस ४ : ७ - ११)

पत्रुसले भनेको र अहिलेको हाम्रो वरिपरि भइरहेको चिन्हहरूलाई नजिकबाट सम्बन्ध मिलाउने हो भने हाम्रो सेवकाइ अब अरुको लागि पनि हुनुपर्दछ । "समय नजिकै छ, त्यसैले ..." अर्को समयमा भन्नुपर्दा अन्त्यको दिन नजिकै आएको छ । त्यसैले अब हामी अति संवेदनशील, आत्मामा सचेत, प्रार्थनामा जोड, प्रेममा अगाडि र परमेश्वरको अनुग्रहमा विश्वासयोग्य सेवकाइ र उहाँको वचन प्रचार गर्न सधैँ तयार हुने समय आएको छ । हाम्रो सेवकाइमा अझ तीव्र गतिमा अन्त्यमो समयको बारेमा प्रचार गरिनु पर्दछ । यो समय चाहिँ लुकाउने, ढिलो गर्ने समय

होइन, येशू आउने समय गरौँला भनेर पर्खि नबसौं तर तनमनले परमेश्वरमा समर्पण भएर काम गरौं किनकि समय यही नै हो । हाम्रो यो दुःखी र हराएको संसारलाई हाम्रो धेरैभन्दा धेरै आवश्यकता छ । यो नै सुसमाचारको लागि सही समय हो । (मत्ती २४ : १४) यही नै हो समय हामी परमेश्वरको सन्तान हौं भनेर यी निन्दा गर्ने र टेढो पुस्तालाई प्रमाणित गर्ने । (फिलिप्पी २ : १५ - १६) "यसैले कसरी हिँड्छौ ध्यानसँग हेर निबुर्द्धि मानिस जस्तो होइन तर बुद्धिमानी जस्तो समय पूरा सदुपयोग गर, किनकि दिन खराब छ ।

असीमित सम्भावना

अन्त्यको समयभन्दा पहिला नै मानिसहरूले परमेश्वरतिर फर्केर पश्चाताप गरे भने के हुन्छ त, परमेश्वरको प्रेम मानिसमा बाँड्न सुरु गरे भने, परमेश्वरको अनुग्रह संसारको मानिसको बीच परमेश्वरले के गर्नुहुन्छ ? हाम्रो जीवनजीव ? हाम्रो प्रार्थना र हाम्रो सेवा ? हाम्रो परिवारमा, साथीभाइमा, छिमेकीमा, राष्ट्रमा तब कस्तो प्रभाव पर्ला त ?

पक्कै पनि उहाँको वचन र उहाँको शक्तिमा असीमित सम्भावना छ । जसरी निनेवेमा उहाँले पापीलाई (कमजोरहरूलाई) बचाउन आफ्नो मानिस पठाउनुभयो । र, त्यसरी नै महत्वपूर्ण आत्मा न्यायमा पतनबाट बचाउन उहाँको मन छ । र, मुक्ति र पुनरुद्धारको त लागि अहिले पनि परमेश्वरले यस्तै विश्वासयोग्य सेवकहरू खोज्दै हुनुहुन्छ ।

मुक्तिका पाइला

'पश्चाताप गर्नुस् कि तपाईं पापी हुनुहुन्छ, पापले मृत्यु ल्याउँछ किनकि सबैले पाप गरेका छन र परमेश्वरको महिमासम्म पुगनबाट चुकेका छन्' (रोमी ३ : २३) 'किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैमा वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।' (रोमी ६ : २३) दुःखले तपाईंलाई पापबाट परमेश्वरसँग पश्चाताप गर्ने बनाउँदछ । 'दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस् र परमप्रभुतिर फर्कोस् र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस् र उहाँले यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ ।' (यशैया ४४ : ७) विश्वास गर्नु 'किनभने मैले जे पाएँ त्यसलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पाको निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो ।' (१ कोरिन्थी १५ : ३४) येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुहोस्, उहाँमा पश्चाताप गर्नुहोस् । 'किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ ।' (रोमी १० : ९) तब पत्रुसले तिनीहरूलाई भने, 'पश्चाताप गर र तिमीहरूका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति तिमीहरूका सन्तानहरूका निम्ति र टाढाटाढा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रो परमेश्वरले बोलाउनु हुन्छ । ... तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए ... । ' (प्रेरित २ : ३८ - ४१) HHC, Vol 67 No. 9 (801)

प्रार्थना गरौं

- राष्ट्रिय ख्रीष्टियन महासंघ सबै ख्रीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका ख्रीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकेका हुन् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)

विशेष धन्यवाद

पा. माधव पौडेल, एल्डर रामचन्द्र पौडेल, रुबी पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।

स्थानीय वितरक

नवीन/सरला ढुङ्गाना तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, जनक कँडेल तथा आशिष / एस्टर कुमाल, टोकियो, जापान, विदुर परियार, दार्जीलिङ, भारत, सागर श्रेष्ठ, दुबई, सुमन शाक्य, बिरु गुरुङ तथा केदार तामाङ, मलेसिया, पावल राई, कतार, सी.पी. लोप्चन, काठमाडौँ, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौँ ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com